॥श्री॥

# श्री सप्तरी जिल्ला अदालत

तहसील शाखा

फोन नं५२३६८७-०३१-.
मोवाईलः९८४२०७३८८३ -
ईमेलः -tahasil.saptaridc@dcourt.gov.np

प.संख्या :
चलानी नं.

सूचना प्रकाशन मिति :- २०७५।२।८

## सूचना। सूचना।। सूचना।।।

बिषयः- कैद, जरिवाना तथा सरकारी विगो छुट सम्वन्धमा ।

उपर्युक्त बिषयमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५(१) बमोजिम मिति २०७५।१।३१ मा बसेको केन्द्रिय लगत कट्टा समितिको बैठकबाट भएको निर्णय अनुसार मुलुकी ऐन दण्ड सजायको महलको २४ नं.को अधिनमा रही अन्तिम फैसला बमोजिम कायम भएको कैद, जरिवाना वा सरकारी विगो प्रस्तुत सूचना प्रकाशन भएको मितिले २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा देहाय बमोजिम छुट प्राप्त हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

समायावधि र छुट प्रतिशत

१. सूचना प्रकाशन भएको मितिले पचास बर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५% (पचहत्तर प्रतिशत) ।
२. सूचना प्रकाशन भएको मितिले तीस बर्षभन्दा अघि पचास बर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५०% (पचास प्रतिशत) ।
३. सूचना प्रकाशन भएको मितिले बीस बर्षभन्दा अघि तीस बर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५% (पच्चीस प्रतिशत) ।

२०७५।२।८

..................
तहसिलदार